# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

१ भदौ, २०७८

### अफगानिस्तानमा रहेका नेपाली नागरिकहरुको तत्काल उद्धार गर ।

अफगानिस्तानमा हालै देखिएको राजनीतिक घटनाक्रमबाट उत्पन्न परिस्थितिमा त्यहाँ रहेका नेपाली नागरिकहरुको जीवन जोखिममा पर्न सक्ने अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

तालीवानीले अफगानिस्तानको राजधानी काबुल नियन्त्रणमा लिएसँगै अफगानिस्तानमा वैदेशिक रोजगारीको लागि गएका नेपाली नागरिकहरु जोखिममा पर्न गएको जानकारी विभिन्न सञ्चार माध्यममा आइरहेका छन् । विशेषगरी श्रम स्वीकृति नलिई अन्य मुलुक हुँदै अफगानिस्तान पुगेका र भिसा अवधि समाप्त भएका नेपाली नागरिकहरु जोखिममा परेका र बेरोजगार अवस्थामा रहेकाले खान, बस्न समस्या भोगिरहेको जानकारी आयोगलाई प्राप्त भएको छ । अनिश्चित राजनीतिक घटनाक्रम र द्वन्द्वग्रस्त अवस्थाका कारण श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकहरु समेत जोखिममा रहेको देखिएको छ । अफगानिस्तानमा रहेका नेपाली नागरिकहरुको संख्याका बारेमा समाचार माध्यमहरुमा फरकफरक तथ्यांक प्रकाशित भए पनि नेपाल सरकारसँग एकीन तथ्यांक नरहेको पाइएको छ ।

यसै सन्दर्भमा अफगानिस्तानमा रहेका नेपालीहरुको उद्धारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रयासहरुको बारेमा आज आयोगले परराष्ट्र सचिव भरतराज पौडेल र वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्णप्रसाद दवाडीसँग आयोगमा छलफल गरेको छ । छलफलका क्रममा उहाँहरुले नेपाल सरकारले उद्धारका लागि कुटनीतिक पहल जारी राखेको, अफगानिस्तानस्थित विदेशी कुटनीतिक नियोगहरुमा कार्यरत केही नेपालीहरुको उद्धार भई सुरक्षित स्थानमा पुऱ्याइसकिएको, बाँकीलाई सुरक्षित रुपमा नेपाल ल्याउन प्रयास भैरहेको, समाचार माध्यममा आए जस्तो अफगानिस्तानमा ठूलो जोखिमको स्थिति नरहेको, हाल अफगानिस्तानका लागि श्रम स्वीकृति रोकिएको र अन्य मुलुक हुँदै पनि नेपालीहरु अफगानिस्तान प्रवेश गर्ने हुँदा पनि अफगानिस्तानमा रहेका नेपालीको एकीन तथ्यांक सरकारसँग नभएको बताउनुभएको छ । आयोगका अध्यक्ष तपबहादुर मगरले जुनसुकै हैसियतमा अफगानिस्तान पुगेका भए पनि जोखिममा रहेका सबै नेपाली नागरिकहरुको उद्धार गर्न सरकारलाई निर्देशन दिनुभएको छ ।

अत : अफगानिस्तानमा जोखिममा रहेका नेपाली नागरिकहरुको एकीन तथ्यांक र वास्तविक अवस्था पत्ता लगाई शीघ्र र सुरक्षित रुपमा स्वदेश फर्कने वातावरण मिलाउनका लागि थप प्रभावकारी कुटनीतिक पहल गर्न तथा जोखिमपूर्ण अवस्थामा रहेकाहरुको जीवन रक्षा गरी मानव अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७–१–५०१००१५, फ्याक्स नं. ००९७७–१–५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org